# कारागार सुरक्षा रणनीतिक योजना

# २०८०




तयार गर्ने:
कारागार कार्यालय, धादिङ

स्वीकृत गर्ने:
जिल्ला सुरक्षा समिति, धादिङ
मिति: २०८०।०४।२५

## विषय सूची

१. विषय प्रवेश
२. योजनाको उद्देश्य
३. विद्यामान सुरक्षा चुनौतिहरु
४. उपलव्ध जनशक्ति
५. वन्दीगृह तथा कैदीवन्दी र थुनुवाहरुको संख्या
६. योजना कार्यान्वयनबाट अपेक्षित नतिजा
७. सिमाहरू
८. कार्य योजना

## १. विषय प्रवेश

एकातिर वन्दीगृह भित्र रहेका कैदी वन्दी तथा थुनुवाहरुको वन्दी जीवनलाई अत्यन्त सहज, सरल र सुरक्षित वनाई कारागारलाई सुधार गृहको रुपमा रुपान्तरण गर्नु छ भने अर्को तिर कारागार प्रशासन तथा आन्तरिक प्रशासनको चुस्त कार्यसम्पादनबाट वन्दीगृह भित्र भयरहित र भरपर्दो सुरक्षा व्यवस्था मिलाउनु पर्नेछ। समग्र कारागारको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखी कारागार ऐन, २०७९, कारागार नियमावली (संशोधित), २०७९ तथा कारागार व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७३ मा भएका कारागार व्यवस्थापन सम्वन्धी कानूनी एवं कार्यविधिगत प्रवन्ध र कारागार व्यवस्थापन विभाग तथा गृह मन्त्रालयबाट भएका निर्देशनहरु समेतका आधारमा जिल्ला सुरक्षा समितिको मिति २०८०।०४।२५ गतेको बैठकको निर्णयबाट स्वीकृत गरी यो "कारागार सुरक्षा रणनीतिक योजना, २०८०" कार्यान्वयनमा ल्याइएको छ।

## २. योजनाको उद्देश्य

कारागारमा हुन सक्ने कुनै पनि गैरकानूनी तथा अवान्छित क्रियाकलापहरुलाई निस्तेज पारी भरपर्दो र विश्वसनीय सुरक्षा व्यवस्था मिलाउनु प्रस्तुत योजनाको सारभूत उद्देश्य रहेको छ। अन्य उद्देश्यहरु निम्न छन्:

- बन्दी गृहभित्र र बाहिरको भरपर्दो र विश्वसनीय सुरक्षा व्यवस्था मिलाउने
- बन्दीहरुको चालचलन तथा गतिविधिलाई व्यवस्थित गरी मर्यादित र सभ्य वातावरणको सृजना गर्ने
- बन्दीहरुसँगको भेटघाटलाई व्यवस्थित गराउने
- आपतकालीन अवस्थाको व्यवस्थापन गर्ने ।

## ३. विद्यामान सुरक्षा चुनौतिहरु

- कैदीवन्दीहरुमा वेला वखतमा देखिने गुटवन्दीगत असमझदारी,
- भेटघाटमा आउने आफन्तहरु मार्फत निषेध गरिएका अवैध मालवस्तुहरु भित्रिने संभावना,
- सुरक्षाकर्मी जनशक्तिको अपर्याप्तता,
- अपर्याप्त वजेटका कारण नपुग सुरक्षा संरचना निर्माण हुन नसक्नु र भौतिक श्रोत साधनको मर्मत संभार गर्न कठिनाई,
- कैदीवन्दी तथा थुनुवाहरुको अस्वाभाविक माग र असन्तुष्टी,
- सुरक्षा व्यवस्थापनका लागि आवश्यक प्रविधि र उपकरणको अभाव ।

## ४. उपलब्ध जनशक्ति

- कारागार प्रशासन तर्फ स्वीकृत दरवन्दी संख्या १२ मध्ये ९ जना कार्यरत
- नेपाल प्रहरी तर्फ जुनियर प्रहरी अधिकृतको कमाण्डमा नफ्री संख्या २० मध्ये १७ जना कार्यरत ।

## ५. वन्दीगृह तथा कैदीवन्दी र थुनुवाहरुको संख्या

- पुरुष वन्दीगृह तर्फः- सरदर २७५ जना
- महिला वन्दीगृह तर्फः- सरदर २५ जना

## ६. योजना कार्यान्वयनबाट अपेक्षित नतिजा

प्रस्तुत योजना कार्यान्वयनबाट निम्नानुसार नतिजा प्राप्त हुने अपेक्षा गरिएको छ ।

- वन्दीगृह भित्र भयरहित र सहज वातावरण सृजना हुनेछ ।
- कैदीवन्दी तथा थुनुवाहरु भाग्न उम्कन सक्ने छैनन् ।
- कारागार भित्र अवैध तथा घातक माल वस्तुहरुको घुसपैठ हुने छैन ।
- गुठवन्दीगत असमझदारी र झैंझगडा निस्तेज हुनेछ ।
- वाहिरी व्यक्तिहरुबाट अनावश्यक घुसपैठ तथा अफवाह फैलाउने कार्य हुने छैन ।

## ७. कार्ययोजना

| सि. नं. | रणनीतिहरु | क्रियाकलापहरु | जिम्मेवार शाखा, निकाय तथा पदाधिकारी | समयावधि | खाडल पहिचान (Gaps Finding) र समाधानका उपायहरु | अनुगमन, सुपरिवेक्षण गर्ने निकाय तथा पदाधिकारी |
|---|---|---|---|---|---|---|
| १. | वन्दीगृह भित्रको सुरक्षा व्यवस्थाको सबलीकरण | **१.वुर्जा सेन्ट्री डिउटीः**<br>१.१ पुरुष तथा महिला वन्दीगृहमा रहेका ४-४ वटा वुर्जाहरुमा सुरक्षा डिउटी गरी वन्दीगृह भित्रको कैदीवन्दीहरुको गतिविधि उपर निगरानी गर्ने,<br>१.२ कुनै कैदीवन्दी वा थुनुवाले ५ जना भन्दा वढी संख्यामा अन्य कैदीवन्दी वा थुनुवाहरु भेला जम्मा गरी कुनै पनि गैर कानूनी वा अवान्छित हर्कत गर्न लागेमा तुरुन्त सुरक्षा कमाण्डरलाई खवर गर्ने,<br>१.३ कुनै कैदीवन्दी वा थुनुवाले सुरक्षा वाल नाघी वा अन्य कुनै उपायले भाग्ने वा उम्कने प्रयास गरेमा तुरुन्त सुरक्षा कमाण्डरलाई खवर गरी पक्री नियन्त्रणमा लिने । | ईन्चार्ज, कारागार सुरक्षा गार्ड | तुरुन्तै | डिउटीमा खटिएका सुरक्षाकर्मीलाई झुक्यानमा पारी वा छली भाग्न सक्ने हुंदा उच्च सुरक्षा सजगता अपनाउने। | कारागार प्रशासक/ प्रमुख जिल्ला अधिकारी/ जिल्ला सुरक्षा समिति |
| | | **२.पेरीमिटर सुरक्षा चेकिङः**<br>२.१ सुरक्षावाल पेरीमिटरबाट वन्दीगृह भित्र तथा वाहिर चारैतिर सुरक्षा चेकिङ गर्ने र<br>२.२ कैदी वन्दी तथा थुनुवाहरु भाग्न सक्ने स्थान वा मार्गहरु (Lose Hole) मा कडा निगरानी गर्ने। | ईन्चार्ज, कारागार सुरक्षा गार्ड | निरन्तर | कैदीवन्दी तथा थुनुवाहरुले वन्दीगृह वाहिरका व्यक्तिसंग सांठगाँठ गरी सुरक्षावालको वाहिरी भागमा डोरी वा सजिलै लुकाउन सक्ने चिज वस्तु प्रयोग गरी भर्याङ्ग वनाउन सक्छन् । | कारागार प्रशासक/ प्रमुख जिल्ला अधिकारी/ जिल्ला सुरक्षा समिति |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | उच्च निगरानीका साथ सतर्कता अपनाउने । | |
| | | **३.वन्दीगृह भित्र रमन चेकिङः**<br>३.१ वन्दीगृह भित्र प्रवेश गरी कैदीवन्दी तथा थुनुवाहरुको गणना गर्ने,<br>३.२ अवैध वा निषेध गरिएका चिजवस्तुहरु राखिएका छन् वा छैनन् खानतलासी गर्ने,फेला परेमा नियन्त्रणमा लिने,<br>३.३ भाग्न वा उम्कन सक्ने गरी कुनै संरचना वनाएको वा सुरुङ्ग खनेको छ वा छैन शुक्ष्म अध्ययन गर्ने र<br>३.४ घातक हुने खालका तिखा, धारिला चिज वस्तुहरु वा लाठी, भालाका रुपमा प्रयोग गर्न सक्ने खालका काठ दाउराहरु छन् वा छैनन् खान तलासी गरी फेला परेमा नियन्त्रणमा लिने । | ईन्चार्ज, कारागार सुरक्षा गार्ड | हरेक दिन सांझ ०७.३० वजे | - | कारागार प्रशासक/ प्रमुख जिल्ला अधिकारी/ जिल्ला सुरक्षा समिति |
| | | **४.पालो पहरा दिनेः**<br>४.१) वन्दीगृहहरुको मूल गेट तथा सुरक्षावाल वाहिर परिधिमा सुरक्षा पहरा दिने र<br>४.२) पालो पहरा दिंदा कारागार नियमावली, २०७९ को नियम १७ मा उल्लेखित अभ्यासलाई कायम राख्ने । | ईन्चार्ज, कारागार सुरक्षा गार्ड | २४ सै घण्टा | - | कारागार प्रशासक/ प्रमुख जिल्ला अधिकारी/ जिल्ला सुरक्षा समिति |
| २. | वन्दीगृह वाहिरको सुरक्षा व्यवस्थाको सबलीकरण | **१.भेटघाट सुरक्षा व्यवस्थाः**<br>१.१ कारागार कार्यालयको मुलगेटमा सुरक्षा डिउटी(सेन्ट्री) राखी भेटघाटमा आउनेहरुको पहिचान गर्ने<br>१.२ कैदी वन्दी तथा थुनुवाहरुको आफन्त र कानून व्यवसायी वाहेक अन्यलाई अत्यावश्यक अवस्थामा वाहेक सामान्य अवस्थामा भेटघाट गर्न नदिने ।<br>१.३ वन्दीगृह भित्र अफवाह फैलाई आन्तरिक शान्ति सुरक्षामा | ईन्चार्ज, कारागार सुरक्षा गार्ड तथा कारागार कार्यालयबाट खटिएका कर्मचारी | विदाको दिन वाहेक अन्य दिन आइतवार देखि विहिवार सम्म विहान १०.०० वजे देखि दिनको | कैदीवन्दी तथा थुनुवा र निजहरुको आफन्तहरु बिच आफ्नो मातृभाषामा अवान्छित कुराकानी गर्न सक्छन् । सम्भव भए सम्म | कारागार प्रशासक/ प्रमुख जिल्ला अधिकारी/ जिल्ला सुरक्षा समिति |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | आँच ल्याउन सक्ने पुर्व कैदीवन्दीलाई भेटघाट गर्न नदिने ।<br>१.४ भेटघाटमा आउनेहरुले कैदीवन्दी तथा थुनुवाहरुलाई दिन ल्याएका चिज वस्तुहरुको कडाईका साथ चेकजाँच गरी अवैध तथा कानूनले निषेध गरेका चिज वस्तुहरु फेलापरेमा नियन्त्रणमा लिने।<br>१.५ भेटघाट कक्ष आसपासमा सुरक्षा डिउटी (सेन्ट्री) राखी आगन्तुक र कैदीवन्दी तथा थुनुवाहरु बिच हुन सक्ने अवाञ्छित कुराकानीको निगरानी गरी अवाञ्छित कुराकानी भए गरेको पाइएमा तुरुन्त भेटघाट तथा कुराकानी गर्न नदिने । | | ०४.०० सम्म र शुक्रवार विहान १०.०० वजे देखि दिनको ०२.०० वजे सम्म । | स्थानीय स्तरमा वोलिने राष्ट्रिय भाषाहरु बुझ्ने सुरक्षाकर्मी खटाउने । | |
| | | **२.अन्यत्रबाट स्थानान्तरण भई आएका कैदीवन्दी बुझ्दा सुरक्षा सतर्कता अपनाउने:**<br>२.१ फोटो सहितको परिचय पत्र र सम्वन्धित कैदीवन्दीको अनुहार, हुलिया भिडाई एकिन गर्ने,<br>२.२ कैदीपुर्जि लगायतका कागजातहरु छन् वा छैनन् हेर्ने,<br>२.३ यस अघिको कारागार प्रशासनबाट निजको चालचलन बुझ्ने,<br>२.४ निज माथि लागेको मुद्दाको प्रकृति र गाम्भिर्यताको आधारमा निज माथि निगरानी राख्ने । | सुरक्षाकर्मी तथा कारागार कार्यालयबाट खटिएका कर्मचारी | स्थान्तरण भई आएका वखत | डमी कैदी वन्दी हुन सक्छ, विशेष ध्यान दिने । | कारागार प्रशासक/ प्रमुख जिल्ला अधिकारी/ जिल्ला सुरक्षा समिति |
| | | **३.कारागारबाट अन्यत्र स्थान्तरण गर्दा सुरक्षा सतर्कता अपनाउने:**<br>३.१ भरपर्दो सुरक्षा व्यवस्था मिलाई लैजाने र<br>३.२ कैदी वन्दी बुझाई भरपाई कागज ल्याउने । | सुरक्षाकर्मी तथा कारागार कार्यालयबाट खटिएका कर्मचारी | स्थान्तरण भई गएका वखत | शौचालय जाने वहानामा वा सवारी साधन विग्रेको अवस्थामा भाग्न उम्कन सक्छन् । विशेष सुरक्षा सर्तकता अपनाउने। | कारागार प्रशासक/ प्रमुख जिल्ला अधिकारी/ जिल्ला सुरक्षा समिति |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ४.न्यायिक निकायमा थुनुवा उपस्थित गराउदाको सुरक्षा व्यवस्थापन | सुरक्षाकर्मी तथा कारागार कार्यालयबाट खटिएका कर्मचारी | तोकिएको दिन | हतकडी नलगाएको अवस्थामा इजलासवाटै उम्कन सक्छन् । विशेष सतर्कता अपनाउने। | प्रमुख जिल्ला अधिकारी/ जिल्ला सुरक्षा समिति |
| | | ५. उपचारार्थ अस्पतालमा लैजादाको सुरक्षा व्यवस्थापन | सुरक्षाकर्मी तथा कारागार कार्यालयबाट खटिएका कर्मचारी | स्वास्थ्य शाखाबाट रिफर भएपछि | विरामीको वहानामा अस्पतालबाट भाग्न सक्छन् । विशेष सतर्कता अपनाउने। | प्रमुख जिल्ला अधिकारी/ जिल्ला सुरक्षा समिति |
| ३. | नियन्त्रणात्मक उपायको अवलम्बन | **१. आचारसंहिताको व्यवस्थाः**<br>१.१ कारागारका कैदीवन्दी, सुरक्षाकर्मी, कर्मचारी तथा आगन्तुकले पालाना गर्नुपर्ने आचारसंहिता अद्यावधिक गरी लागू गर्ने।<br>१.२ आचारसंहिताका पालानाका सम्बन्धमा नियमित रुपमा अनुगमन गरी कारवाही गर्ने। | कारागार प्रशासन | नियमित रुपमा | | कारागार प्रशासक /प्रमुख जिल्ला अधिकारी |
| | | **२.चालचलन सम्वन्धी अभिलेख राखेः**<br>२.१ चौकिदार, नाइके, भाई नाइके तथा अन्य कैदी वन्दीहरुको गतिविधि तथा क्रियाकलापहरुको निरन्तर अध्ययन गरी चालचलनको अभिलेख राख्ने ।<br>२.२ मिनाहा माफीको सिफारिस गर्दा चालचलन सम्वन्धी अभिलेखलाई आधार मान्ने । | कारागार प्रशासक | निरन्तर | - | प्रमुख जिल्ला अधिकारी/ जिल्ला सुरक्षा समिति |
| | | **३.जरीवाना तथा कारवाही गर्नेः**<br>३.१ कैदी वन्दी तथा थुनुवाहरुले तोकिएको आचारसंहिता उल्लङ्घन गरेमा दश हजार सम्म जरीवाना गर्ने । | कारागार प्रशासक | घटना घट्नासाथ | - | प्रमुख जिल्ला अधिकारी/ जिल्ला सुरक्षा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ३.२ चौकिदार, नाइके तथा भाइनाइकेहरुले कैदीवन्दी तथा थुनुवाहरुलाई भौतिक सजांय दिएमा वा अपमानजनक कार्य गरेमा वा निजहरुको समान आफ्नो व्यक्तिगत लाभका लागी प्रयोग गरेमा जिम्मेवारीबाट हटाउने । | | | | समिति |
| | | **४. CCTV/Camera तथा बत्तिको व्यवस्थापन**<br>४.१ CCTV/Camera को नियमित मर्मत सम्भार गरी चालु अवस्थामा राख्ने र सो मार्फत कैदीबन्दीको गतिविधिको निगरानी गर्ने।<br>४.२ बन्दीगृह भित्र र बाहिर २४ सै घण्टा बत्तिको व्यवस्था गर्ने। | कारागार प्रशासन | नियमित रुपमा | - | कारागार प्रशासक /प्रमुख जिल्ला अधिकारी |
| ४ | आपतकालीन अवस्थाको व्यवस्थापन | ४.१. बन्दीगृह भित्र हुन सक्ने कुनै प्रकारको विपद तथा संकटको अवस्थाको व्यवस्थापनका लागि आवश्यक स्थानको पहिचान, स्रोत साधन, जनशक्ति, पूर्व सूचना प्रणाली सहितको पूर्वतयारी गर्ने।<br>४.२ आपतकालीन अवस्थाबाट पूर्व अवस्थामा फर्किनका लागि आपतकालीन योजना तयार गरी लागू गर्ने। | कारागार प्रशासन/कारागार सुरक्षा गार्ड | १ महिनाभित्र | | प्रमुख जिल्ला अधिकारी/ जिल्ला सुरक्षा समिति |
| ५ | अनुगमन तथा निरीक्षण | ५.१ कारागारको सुरक्षा अवस्थाको नियमित रुपमा अनुगमन निरीक्षण गर्ने ।<br>५.२ अनुगमनका क्रममा देखिएका कमिकमजोरी तत्काल सुधार गर्ने/आवश्यकतानुसार नयाँ रणनीति बनाई दागू गर्ने। | कारागार प्रशासक/प्रजिअ | कारागार प्रशासकबाट कम्तिमा हप्तामा १ पटक र प्रजिअबाट आवश्यकतानुसार | | प्रमुख जिल्ला अधिकारी/ जिल्ला सुरक्षा समिति |

## ७. योजना मूल्यांकन र पुनरावलोकन

यस योजना कार्यन्वयनको नियमित रुपमा मूल्यांकन गरिनेछ। मूल्यांकनका आधारमा आवश्यकतानुसार योजनाको पूनरावलोकन गरी कार्यान्वियनमा ल्याइनेछ।